1st April, 2026

आकाशवाणी

मुख्य समाचार-

- चिप उत्पदान आरम्भसँगै आसाम आधुनिक टेक्नोलोजीको हभ बन्ने प्रधानमन्त्री मोदीको दाबी
- राज्य सभामा केन्द्रीय सशस्त्र प्रहरी बल (सामान्य प्रशासन) विधेयक ध्वनिमतले पारित
- अमरावतीलाई राजधानीको दर्जा प्रदान गर्नु आवश्यक रहेको संसदीय मन्त्री श्री रिजिजुको बयान
- जनगणना २०२७ को पहिलो चरण आजदेखि सुरु
- चुनाव आयोगको असम, केरला र पुडुचेरीमा तैनाथ पर्यवेक्षकहरू समीक्षात्मक बैठक सम्पन्न

1. प्रधानमन्त्री - असम चुनावी र्‍याली

प्रधानमन्त्री तथा वरिष्ठ भाजपा नेता नरेन्द्र मोदीले आज असममा दुई चुनावी र्‍यालीलाई सम्बोधन गर्नुभयो। गोगामुखमा सम्पन्न पहिलो र्‍यालीमा प्रधानमन्त्रीले गरिब र मध्यम वर्गको कल्याण भाजपाको सर्वोच्च प्राथमिकता रहेको बताउनु भयो।

सम्बोधनका क्रममा श्री मोदीले आसामको चुनाव विकसित आमासबाट विकसित भारत बन्ने विश्वास व्यक्त गर्नुभयो।

यसरीनै प्रधानमन्त्रीले आसामको चिया एउटा समयमा विश्वप्रसिद्ध बनेको बताउँदै अब आसामले सेमिकन्डक्टर प्लान्टद्वारा उत्पादित चिपबाट अर्को प्रसिद्धि कमाउने विचार साझा गर्नुभयो।

2. राज्यसभा - **CAPF** विधेयक

राज्यसभाले आज केन्द्रीय सशस्त्र प्रहरी बल (सामान्य प्रशासन) विधेयक, २०२६ लाई ध्वनिमतले पारित गर्‍यो। यो विधेयक गत हप्ता गृह राज्यमन्त्री नित्यानन्द राईले पेश गर्नुभएको थियो। यस विधेयकले केन्द्रीय सशस्त्र प्रहरी बलमा समूह ए सामान्य कर्तव्य अधिकारीहरू र अन्य अधिकारीहरूको भर्ती तथा सेवा सर्तहरूसँग सम्बन्धित सामान्य नियमहरू नियमन गर्ने लक्ष्य राखेको छ।

विधेयकमा महानिरीक्षक पदमा कुल पदहरूको ५० प्रतिशत, अतिरिक्त महानिरीक्षक पदमा कम्तिमा ६७ प्रतिशत पदहरू र विशेष महानिरीक्षक र महानिरीक्षक पदमा सबै पदहरू प्रतिनियुक्तिमा भारतीय प्रहरी सेवा (**IPS**) अधिकारीहरूले भर्ने व्यवस्था गरिएको छ।

विधेयकमाथिको छलफलको उत्तर दिँदै गृह राज्यमन्त्रीले विधेयकले भारतको आन्तरिक सुरक्षा प्रणालीलाई सुदृढ पार्ने र **CAPF** अधिकारीहरूको सेवा सर्तहरूमा अझ स्पष्टता र एकरूपता ल्याउने लक्ष्य राखेको बताउनु भयो।

3. रिजिजु विधेयक

संसदीय मामिला मन्त्री तथा वरिष्ठ भाजपा नेता किरेन रिजिजुले संसदमा विधेयकहरूको परिचय आवश्यकता र विद्यमान परिस्थितिमा निर्भर गर्दछ। यसलाई राजनीतिक दृष्टिकोणबाट हेर्नु हुँदैन भन्नुभयो।

संसद भवन परिसर बाहिर मिडियासँग कुरा गर्दै श्री रिजिजुले भन्नुभयो, आन्ध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक यसको आवश्यकताका कारण अगाडि ल्याइएको हो। उहाँले अमरावतीलाई राजधानीको दर्जा प्रदान गर्नु आवश्यक रहेको स्पष्ट पार्दै जसको लागि संसदमा संशोधन विधेयक पारित हुनु आवश्यक छ भन्ने आफ्नो विचार प्रकट गर्नुभयो। श्री रिजिजुले विपक्षीहरूले मानिसहरूलाई विचलित गर्न र तथ्यहरूबाट ध्यान हटाउन खोजिरहेको आरोप लगाउनु भयो।

4. अन्तर-मन्त्रालय ब्रीफिंग

पश्चिम एसियामा द्वन्द्वको बीचमा, सरकारले आज देशमा सबै प्रकारका बालीहरूको लागि पर्याप्त मात्रामा बीउ उपलब्ध रहेको आश्वासन दिएको छ। पश्चिम एसियाको हालैका विकासक्रमहरूमा नयाँ दिल्लीमा आयोजित अन्तर-मन्त्रालय बैठकमा, कृषि तथा किसान कल्याण विभागका अतिरिक्त सचिव डा. मनिंदर कौर द्विवेदीले देशभरी १ करोड ८५ लाख क्विन्टलभन्दा बढी खरीफ बालीको बीउ उपलब्ध रहेको बताउनु भयो। अतिरिक्त सचिवले देशमा कृषि रसायन पर्याप्त उपलब्धता रहेको पनि बताउनु भयो।

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले देशको कच्चा तेलको भण्डार हाल पर्याप्त रहेको बताउनु भयो। यसैक्रममा उहाँले सरकारले आगामी दुई महिनाका लागि पर्याप्त कच्चा तेल आपूर्ति सुनिश्चित गर्ने व्यवस्था गरेको जानकारी दिनुभयो।

5. संशोधित- जनगणना २०२७

विश्वको सबैभन्दा ठूलो जनसंख्या अभ्यास, जनगणना २०२७ को पहिलो चरण आजबाट सुरु भएको छ। जनगणना दुई चरणमा गरिनेछ। पहिलो चरणमा घर सूचीकरण र आवास गणना समावेश हुनेछ, र दोस्रो चरणमा जनसंख्या गणना समावेश गरिएकोछ। यस चरणको सन्दर्भ मिति १ मार्च, २०२७ निर्धारित गरिएको छ। पहिलो पटक, जनगणना डिजिटल रूपमा सञ्चालन गरिनेछ जसमा स्व-गणनाको विकल्प उपलब्ध छ। यो स्व-गणना आजदेखि यस महिनाको १५ तारिखसम्म चल्नेछ। घर सूचीकरण र आवास गणना १६ अप्रेलमा सुरु हुनेछ र १५ मैई सम्म जारी रहनेछ।

घर सूचीकरणले सबै भवन र संरचनाहरूको सूचीकरण गर्नेछ र आवासीय अवस्था, उपलब्ध सुविधाहरू र सम्पत्तिहरूको बारेमा जानकारी सङ्कलन गर्नेछ। दोस्रो चरणको गणना अर्को वर्षको फरवरी महिनामा सञ्चालन हुनेछ। यसमा उमेर, लिङ्ग, पेशा, साक्षरता र जातसँग सम्बन्धित विवरणहरू सङ्कलन गर्नेछ।

6. निर्वाचन आयोग - पर्यवेक्षकहरू

चुनाव आयोगले आज आगामी विधानसभा चुनाव अघि असम, केरला र पुडुचेरीमा तैनाथ पर्यवेक्षकहरूसँग समीक्षात्मक बैठक आयोजना गऱ्यो। आसाम, केरला र पुडुचेरीका मुख्य निर्वाचन अधिकारीहरू सहित कुल २८२ पर्यवेक्षकहरूले भिडियो कन्फरेन्सिङ मार्फत उक्त बैठकमा भाग लिए। बैठकको क्रममा, आयोगले पर्यवेक्षकहरूलाई कुनै पनि धम्की, हिंसा वा प्रलोभन बिना निष्पक्ष, उत्सवपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन निर्देशन दिए।

निर्वाचन आयोगले आदर्श आचारसंहिता कडाइका साथ पालना गर्न र उल्लङ्घन गरिएको खण्डमा तुरुन्त कारबाही गर्न जोड दिएको छ।

7. एयरलाइन्स - एटीएफ

भारतीय उड्डयन उद्योगले घरेलु उडानहरूका लागि उड्डयन टर्बाइन इन्धन (एटीएफ) को मूल्य वृद्धि सीमित गर्ने सरकारको निर्णयको स्वागत गरेको छ। सामाजिक सञ्जाल पोस्टमा, एयर इन्डियाले यसलाई अभूतपूर्व परिस्थितिहरूमा उड्डयन क्षेत्रलाई राहत प्रदान गर्ने विचारशील र समयसापेक्ष कदमको रूपमा वर्णन गरेको छ।

यसैबीच, इन्डिगो एयरलाइन्सले यो कदम एयरलाइन्समा ठूलो स्थिरता ल्याउने दिशामा अर्थपूर्ण कदम भएको बताएको छ।

8. लद्दाख खुबानी महोत्सव

लद्दाख पर्यटन विभागले वसन्त ऋतुमा लद्दाखका विभिन्न खुर्पानी (एप्रिकोट) उत्पादन गर्ने गाउँहरूमा आयोजना गरिने बहुप्रतिक्षित खुबानी महोत्सव २०२६ को घोषणा गरेको छ।

उच्च उचाइको मरुभूमिमा वसन्तको आगमनको प्रतीकको रूपमा, यस महोत्सवले खुर्पानी बगैँचाको आश्चर्यजनक फूलहरू प्रदर्शन गर्दछ, जसले बाँझो परिदृश्यलाई सेतो र गुलाबी रंगको क्यानभासमा रूपान्तरण गर्दछ। ८ अप्रेलदेखि १६ सम्म लेह, कारगिल र वरपरका गाउँहरू सहित धेरै स्थानहरूमा आयोजना गरिएको यस महोत्सवले विश्वभरीका पर्यटकहरूलाई यो अनौठो मौसमी दृश्य हेर्न आमन्त्रित गर्दछ।

9. अन्तर्राष्ट्रिय बुकर पुरस्कार २०२६

भारतीय मूलका क्यानेडियन-अमेरिकी लेखिका तथा अनुवादक पद्मा विश्वनाथनको नाम अन्तर्राष्ट्रिय बुकर पुरस्कार २०२६ का लागि छनौट गरिएको छ। ब्राजिलियन लेखिका आना पाउला मायाको उपन्यास "अन अर्थ एज इट इज बिनिथ (**On Earth as it is beneath**)" को अंग्रेजी अनुवादका लागि उनको नाम छनौट गरिएको हो।

विजेताले £५०,००० राशि पुरस्कारका रूपमा प्राप्त गर्नेछन्, जुन राशि विजेता लेखक र अनुवादक बीच बराबर विभाजित गरिनेछ।

10. खेल समाचार

सचिन सिवाग र विश्वनाथन सुरेशले एशियाइ मुक्केबाजी च्याम्पियनशीप क्वाटर फाइलमा स्थान बनाएका छन्।

**SAFF** अन्डर 20 फुटबल प्रतियोगिताको सेमिफाइनलमा आज भारतले भुटान विरूद्ध खेल्नेछ। यो खेल आज राति ९:०० बजेदेखि माल्दिभ्सको मालेस्थित राष्ट्रिय रङ्गशालामा खेलिनेछ।

आईपीएल क्रिकेट प्रतियोगितामा आज साँझ साडे सातबजेदेखि लक्नउ सुपर जेन्टले दिल्ली क्यापिटलविरुद्ध खेलिरहेको छ।

मुख्य समाचार फेरि एकपल्ट

- चिप उत्पदान आरम्भसँगै आसाम आधुनिक टेक्नोलोजीको हभ बन्ने प्रधानमन्त्री मोदीको दाबी
- राज्य सभामा केन्द्रीय सशस्त्र प्रहरी बल (सामान्य प्रशासन) विधेयक ध्वनिमतले पारित
- अमरावतीलाई राजधानीको दर्जा प्रदान गर्नु आवश्यक रहेको संसदीय मन्त्री श्री रिजिजुको बयान
- जनगणना २०२७ को पहिलो चरण आजदेखि सुरु
- चुनाव आयोगको असम, केरला र पुडुचेरीमा तैनाथ पर्यवेक्षकहरू समीक्षात्मक बैठक सम्पन्न